आज मिति २०७९ साल जेष्ठ २३ गते सोमबारका दिन दिनको ३:०० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| क्र.सं. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चकधर | तुईल |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | सिता |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | |
| २० | सदस्य-सचिब | श्री केशव सिलवाल | |
| | | **आमन्त्रित** | |
| १ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | |
| २ | शाखा अधिकृत | श्री धनकृष्ण श्रेष्ठ | |
| ३ | सा.बि.अधिकृत | श्री तुल्सी भक्त तको | |

**निर्णय नं. १**

यस नगरपालिकाको नगर प्रबक्तामा वडा नं.३ का वडा अध्यक्ष श्री कृष्ण हरि आचार्यलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगरपालिकाको बिभिन्न बिषयगत समिति गठन सम्बन्धमा छलफल हुंदा देहाय बमोजिम हने गरि नगरसभामा पेश हुने बिधेयक ,नगरसभामा पेश हुने ऐन ,नियम, बिनियम ,कार्यबिधि ,कुनै कानूनी प्रश्न समाबेश भएका नीति तथा कार्यक्रम सम्बन्धी कार्य गर्ने गरी बिधेयक समिति गठन गर्ने निर्णय गरियो । र अन्य बिषयगत समितिका सम्बन्धमा छलफल गरियो ।

तपसिल

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -संयोजक |
| (ख) | नगर उपप्रमुख | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | वडा अध्यक्ष सबै | -सदस्य |
| (ङ) | कानून तथा प्रशासन महाशाखा प्रमुख | सदस्य-सचिब |

**निर्णय नं.३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५(१)(ग)बमोजिम यस नगरपालिकाको राजस्व परामर्श समितिमा नगरकार्यपालिका सदस्य मध्येबाट कार्यपालिका सदस्य श्री शर्मिला विश्वकर्मा र वडा नं. ५ का वडा अध्यक्ष श्री बालकृष्ण श्रेष्ठलाई सो समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिकाको बिपद ब्यबस्थापन ऐन निर्माण नहुनजेल सम्म नगरपालिका क्षेत्र भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको नगर विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | विषयगत समितिका संयोजकहरु/वडा अध्यक्ष सबै | सदस्य |
| (ङ) | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (च) | सामुदायिक बिकास तथा गै.स.स. समन्वय शाखा प्रमुख | सदस्य |
| (छ) | शहरी बिकास तथा योजना शाखाका प्राबिधिक | सदस्य |

(ज) मध्यपुर थिमि नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधिहरु — सदस्य

(झ) मध्यपुर थिमी नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि — सदस्य

(ञ) नगर प्रहरी प्रमुख/प्रतिनिधि — सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दल/स्थानीय तहमा प्रतिनिधित्व गरेका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि — सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) — सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) — सदस्य

(ढ) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) — सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) — सदस्य

(त) नेपाल स्काउट स्थानीय प्रतिनिधि — सदस्य

(ठ) शहरी बिकास तथा योजना महाशाखा, महाशाखा प्रमुख — सदस्य सचिव

कार्यपालिकाका अन्य सम्पुर्ण सदस्यहरु आमन्त्रित सदस्यको रुपमा रहने छ ।

**निर्णय नं ५**

यस नगरपालिकाको बिपद ब्यबस्थापन ऐन निर्माण नहुन्जेल सम्म वडा स्तरमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन तथा व्यवस्थापनका लागि वडागत वडा विपद् व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

क) वडा अध्यक्ष — संयोजक

ख) वडा सदस्यहरु — सदस्य

ग) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका /स्थानीय तहमा प्रतिनिधित्व गरेका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि — सदस्य

घ) नेपाल रेडक्रस सोसाईटीको स्थानीय प्रतिनिधि — सदस्य

ङ) नेपाल स्काउट स्थानीय प्रतिनिधि — सदस्य

च) सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष वा संयोजकहरु मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना — सदस्य

छ) गैरसरकारी तथा समुदायमा आधारित संघसंस्था, तथा युवा क्लबबाट न्यूनतम १ महिला सहित वडा अध्यक्षबाट मनोनित ३ जना — सदस्य

ज) सम्बन्धित वडाको वडा सचिब/वडा प्रशासकीय प्रमुख — सदस्य-सचिव

निर्णय नं.६.

यस नगरपालिकाको तपसिलका ऐनको मस्यौदालाई अन्तिम रुप दिई २०७९ असार ५ गते भित्र विधेयक समितिमा पेश गर्ने गरि जिम्मा दिने निर्णय गरियो ।

| | |
|---|---|
| क) विपद व्यवस्थापन ऐन | श्री रमेश थापा श्रेष्ठ |
| ख) सहकारी ऐन | श्री सानुकाजी राजबहाक |
| ग) स्वास्थ्य ऐन | श्री ज्ञानदास प्रजापति |
| घ) शिक्षा ऐन | श्री श्रीकृष्ण श्रेष्ठ |